# प्रदेश लोक सेवा आयोग

## कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत

## (प्रशासन, दरखास्त व्यवस्थापन तथा प्रकाशन शाखा)

## स्थानीय सेवाका पाँचौं तहका (अप्राविधिक/प्राविधिक) पदहरूको ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना

सूचना नं. १३।२०८३-८४ प्रकाशित मितिः- २०८३।०६।२७

ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाबाट पूर्ति गर्नुपर्ने देहायका पदहरूका लागि स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा २८ बमोजिम सम्भाव्य उम्मेदवारले प्रदेश लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लिखित विवरण खुलाई मिति २०८३।०७।३० गते सम्ममा दरखास्त दिनु हुन सूचना गरिन्छ। ज्येष्ठता गणना स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ३४ बमोजिम हुनेछ।

दरखास्त फाराम प्रदेश लोक सेवा आयोगको वेबसाइट https://ppsc.karnali.gov.np बाट डाउनलोड गर्न सकिनेछ। सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेस गर्ने अन्तिम मितिभित्र आयोगको कार्यालयमा बुझाइ सक्नु पर्नेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन। रितपूर्वक प्राप्त हुन आएका दरखास्तलाई बढुवा सूचना नम्बर अनुसार एकमुष्ट रुपमा सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाइनेछ।

### उम्मेदवारहरूले दरखास्त दिँदा ध्यान दिनुपर्ने विषयहरूः

१. स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा २९ बमोजिम बढुवाको लागि अयोग्य नभएको हुनुपर्नेछ। यसका लागि सम्बन्धित कार्यालय प्रमुखबाट प्रमाणित गरिएको कागजात पेस गर्नु पर्नेछ।

२. बढुवाको लागि आवश्यक पर्ने सेवाकालीन तालिम, न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा २८ बमोजिम हुनुपर्नेछ।

३. दरखास्त फाराम पेस गर्दा राष्ट्रिय किताबखाना (निजामती) वा प्रदेश कर्मचारी अभिलेखालयबाट आफूले पाएको सङ्केत नम्बरसहित अद्यावधिक वैयक्तिक विवरण अनिवार्य रूपमा पेस गर्नुपर्नेछ।

४. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रूपमा पेस गर्नुपर्नेछ।

५. दरखास्त फारामको सम्पूर्ण महलहरूमा उल्लेख भए बमोजिमका विवरणहरू स्पष्ट खुलाउनु पर्नेछ। दरखास्त फाराम पेस गर्दा मूल्याङ्कनको लागि गणना हुने पछिल्लो तीन वर्षको कार्यसम्पादन मूल्याङ्कन फाराम पेस गरेको कार्यालयको नाम, हालको तहमा अध्ययन बिदा र तालिम लिएको भए सो अवधि तथा गयलकट्टी भएको भए सो समेतको विवरण र कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहमा समायोजन भएको पत्र पेस गर्नुपर्नेछ।

६. दरखास्त साथ ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा तथा कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा हुने पदभन्दा तल्लो पदमा सम्बन्धित सेवा, समूह वा उपसमूहसँग सम्बन्धित ३० (तीस) कार्यदिनको सेवाकालीन तालिमको प्रमाणपत्रको प्रतिलिपि पेस गर्नुपर्नेछ।

७. बढुवा सम्बन्धी अन्य व्यवस्था स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ बमोजिम हुनेछ।

**क. ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा**

| क्र.स. | बढुवा सूचना नं. | सेवा, समूह, उपसमूह | पद | पद संख्या |
|---|---|---|---|---|
| १. | ०८।२०८३-८४ | स्थानीय प्रशासन, सामान्य प्रशासन | वरिष्ठ प्रशासन सहायक | १३ |
| २. | ०९।२०८३-८४ | स्थानीय कृषि, कृषि | प्राविधिक सहायक | १ |
| ३. | १०।२०८३-८४ | स्थानीय कृषि, भेटेरिनरी | पशु स्वास्थ्य प्राविधिक | १ |
| ४ | ११।२०८३-८४ | स्थानीय स्वास्थ्य, कम्युनिटी नर्सिङ्ग | पब्लिक हेल्थ नर्स | १ |
| ५. | १२।२०८३-८४ | स्थानीय स्वास्थ्य, हेल्थ इन्स्पेक्सन | हेल्थ असिस्टेन्ट | ३ |

**ख. कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा**

| क्र.स. | बढुवा सूचना नं. | सेवा, समूह, उपसमूह | पद | पद संख्या |
|---|---|---|---|---|
| १. | १३।२०८३-८४ | स्थानीय प्रशासन, सामान्य प्रशासन | वरिष्ठ प्रशासन सहायक | १२ |
| २. | १४।२०८३-८४ | स्थानीय कृषि, कृषि | प्राविधिक सहायक | १ |
| ३. | १५।२०८३-८४ | स्थानीय कृषि, भेटेरिनरी | पशु स्वास्थ्य प्राविधिक | १ |

**दरखास्त दस्तुरः-** रु.५००।- (पाँच सय रुपैया)

**दरखास्त दस्तुर बुझाउने तरिकाः-** **https://revenue.fcgo.gov.np/** पोर्टल लग-इन गरी दिइएको निर्देशानुसार प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेशको तपसिल बमोजिमको कार्यालय कोड र राजश्व शिर्षकमा दरखास्त दस्तुर जम्मा गरी उक्त रकम जम्मा भएको भौचरको प्रति संलग्न गरी दरखास्त पेस गर्नुपर्नेछ।

**कार्यालय कोडः-** २१०००६८०१६ (प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेश)

**राजस्व शीर्षक नं.:-** १४२२४

(राजस्व भौचर दाखिला गर्ने कार्यमा कुनै द्विविधा भएमा यस आयोगको फोन नं. ०८३-५९०३०६ मा कार्यालय समयमा सम्पर्क गर्नुहुन अनुरोध छ।)

# प्रदेश लोक सेवा आयोग
## कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत
### (प्रशासन, दरखास्त व्यवस्थापन तथा प्रकाशन शाखा)

## स्थानीय सेवाका पाँचौं तहका (अप्राविधिक/प्राविधिक) पदहरूको खुला, अन्तर तह र आन्तरिक अन्तर समूह प्रतियोगितात्मक परीक्षाको विज्ञापन

सूचना नं. १४।२०८३-८४ प्रकाशित मितिः-२०८३।०६।२७

स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ बमोजिम स्थानीय सेवा अन्तर्गत देहायका सेवा, समूह, उपसमूह र तहका पदको खुला, अन्तर तह र आन्तरिक अन्तर समूह प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकाले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारबाट दरखास्त आह्वान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारले आयोगको अनलाइन दरखास्त प्रणाली **https://ppsconline.karnali.gov.np** बाट अनलाइन दरखास्त दिनुपर्नेछ। स्थानीय सेवाका खुला, अन्तर तह र आन्तरिक अन्तर समूह प्रतियोगिताका परीक्षा एकै पटक सञ्चालन हुनेछ र प्रतियोगितात्मक परीक्षाबाट छनोट भएका उम्मेदवारको प्राथमिकताक्रम अनुसार नियुक्तिको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सिफारिस गरिनेछ।

**क. अप्राविधिक पदहरुः**

| क्र.स. | विज्ञापन नं. | सेवा, समूह, उपसमूह | पद | परीक्षाको किसिम | पद संख्या | लिखित परीक्षा कार्यक्रम | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | प्रारम्भिक परीक्षा | प्रथम पत्र | द्वितीय पत्र |
| १. | ३०३।२०८३-८४ | स्थानीय प्रशासन, सामान्य प्रशासन | वरिष्ठ प्रशासन सहायक | खुला | १४ | मिति २०८३/०८/२६ गते दिनको १:०० बजे | दोस्रो चरणको लिखित परीक्षाको मिति प्रथम चरणको नतिजा प्रकाशन हुदाँ तय गरिनेछ। | |
| | | स्थानीय प्रशासन, आन्तरिक लेखा परीक्षण | आन्तरिक लेखा परीक्षण सहायक | | ४ | | | |
| २. | ३०४।२०८३-८४ | स्थानीय प्रशासन, सामान्य प्रशासन | वरिष्ठ प्रशासन सहायक | खस आर्य | ३ | | | |
| | | स्थानीय प्रशासन, आन्तरिक लेखा परीक्षण | आन्तरिक लेखा परीक्षण सहायक | | १ | | | |
| ३. | ३०५।२०८३-८४ | स्थानीय प्रशासन, सामान्य प्रशासन | वरिष्ठ प्रशासन सहायक | खस आर्य महिला | २ | | | |
| ४. | ३०६।२०८३-८४ | स्थानीय प्रशासन, सामान्य प्रशासन | वरिष्ठ प्रशासन सहायक | दलित | २ | | | |
| | | स्थानीय प्रशासन, आन्तरिक लेखा परीक्षण | आन्तरिक लेखा परीक्षण सहायक | | १ | | | |
| ५. | ३०७।२०८३-८४ | स्थानीय प्रशासन, सामान्य प्रशासन | वरिष्ठ प्रशासन सहायक | दलित महिला | १ | | | |
| ६. | ३०८।२०८३-८४ | स्थानीय प्रशासन, सामान्य प्रशासन | वरिष्ठ प्रशासन सहायक | आदिवासी जनजाति | १ | | | |
| | | स्थानीय प्रशासन, आन्तरिक लेखा परीक्षण | आन्तरिक लेखा परीक्षण सहायक | | १ | | | |
| ७. | ३०९।२०८३-८४ | स्थानीय प्रशासन, सामान्य प्रशासन | वरिष्ठ प्रशासन सहायक | पिछडिएको क्षेत्र | १ | | | |
| ८. | ३१०।२०८३-८४ | स्थानीय प्रशासन, सामान्य प्रशासन | वरिष्ठ प्रशासन सहायक | अपाङ्गता भएका व्यक्ति | १ | | | |

**ख. प्राविधिक पदहरु:**

| क्र.स. | विज्ञापन नं. | सेवा, समूह, उपसमूह | पद | परीक्षाको किसिम | पद संख्या |
|---|---|---|---|---|---|
| १. | ५१७।२०८३-८४ | स्थानीय कृषि, कृषि | प्राविधिक सहायक | खुला प्रतियोगिता | १ |
| २. | ५१८।२०८३-८४ | | | खस आर्य | १ |
| ३. | ५१९।२०८३-८४ | स्थानीय कृषि, भेटेरिनरी | पशु स्वास्थ्य प्राविधिक | खुला प्रतियोगिता | २ |
| | | स्थानीय कृषि, ला.पो.डे.डे. | पशु सेवा प्राविधिक | | १ |
| ४. | ५२०।२०८३-८४ | स्थानीय कृषि, भेटेरिनरी | पशु स्वास्थ्य प्राविधिक | खस आर्य | १ |
| ५. | ५२१।२०८३-८४ | स्थानीय शिक्षा, शिक्षा प्रशासन | प्राविधिक सहायक | खुला प्रतियोगिता | ५ |
| ६. | ५२२।२०८३-८४ | | | खस आर्य | १ |
| ७. | ५२३।२०८३-८४ | | | खस आर्य महिला | १ |
| ८. | ५२४।२०८३-८४ | | | दलित | १ |
| ९. | ५२५।२०८३-८४ | | | आदिवासी जनजाति | १ |
| १०. | ५२६।२०८३-८४ | स्थानीय स्वास्थ्य, कम्युनिटी नर्सिङ्ग | पब्लिक हेल्थ नर्स | अन्तर तह प्रतियोगिता | १ |
| ११. | ५२७।२०८३-८४ | | | खुला प्रतियोगिता | २ |
| १२. | ५२८।२०८३-८४ | | | खस आर्य | १ |
| १३. | ५२९।२०८३-८४ | | | दलित | १ |
| १४. | ५३०।२०८३-८४ | स्थानीय स्वास्थ्य, हेल्थ इन्स्पेक्सन | हेल्थ असिस्टेन्ट | अन्तर तह प्रतियोगिता | २ |
| १५. | ५३१।२०८३-८४ | | | आन्तरिक अन्तर समूह प्रतियोगिता | १ |
| १६. | ५३२।२०८३-८४ | | | खुला प्रतियोगिता | ५ |
| १७. | ५३३।२०८३-८४ | | | खस आर्य | १ |
| १८. | ५३४।२०८३-८४ | | | खस आर्य महिला | १ |
| १९. | ५३५।२०८३-८४ | | | दलित | १ |
| २०. | ५३६।२०८३-८४ | | | आदिवासी जनजाति | १ |

**परीक्षा केन्द्रः-** वीरेन्द्रनगर, सुर्खेत।

**दरखास्त दस्तुरः-** प्रत्येक विज्ञापनको लागि दरखास्त दस्तुर रु. ५००।- (पाँच सय) र त्यसपछिका प्रत्येक समावेशी समूहमा उम्मेदवारी दिँदा रू. २५०।- (दुई सय पचास) र प्रत्येक परीक्षाको किसिममा रू. २००।- (दुई सय) थप दस्तुर बुझाउनु पर्नेछ।

**दरखास्त दिने अन्तिम मितिः-** २०८३।०७।१६ सम्म र दोब्बर दस्तुर तिरी २०८३।०७।२३ सम्म।

**दरखास्त दस्तुर बुझाउने विधि र स्थानः-** आयोगको विद्युतीय दरखास्त (Online Application) प्रणालीबाट फाराम Submit गरिसकेपछि Online Payment वा Offline Payment मध्ये एक Option छनोट गरी दरखास्त दस्तुर बुझाउन सकिनेछ। Online Payment गर्ने उम्मेदवारले तोकिएको wallet हरूको प्रयोग गरी तत्कालै भुक्तानी गर्न सकिनेछ। Offline Payment गर्ने उम्मेदवारले तोकिएका बैंकहरू मध्ये कुनै एक बैंक छनोट गरी Master ID र कारोबार संकेत नम्बर उल्लेख भएको भौचर प्रिन्ट गरी सम्बन्धित बैंकमा दरखास्त दस्तुर बुझाउन सकिनेछ।

**दरखास्त दस्तुर बुझाउने अवधिः-** २०८३।०७।२३ गते सम्म (सार्वजनिक बिदा परेमा कार्यालय खुलेको पहिलो दिन)।

**दरखास्तको माध्यमः-** विज्ञापित पदहरूमा अनलाइन प्रणाली मार्फत मात्र दरखास्त बुझाउनु पर्नेछ। अनलाइन प्रणाली मार्फत दरखास्त पेस गर्ने विधि/तरिका सम्बन्धी विस्तृत विवरण **https://ppsconline.karnali.gov.np** बाट हेर्न सकिनेछ।

**अपलोड गर्नुपर्ने कागजातहरूः-** उम्मेदवारले शैक्षिक योग्यता, तालिम, अनुभव, समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाईन दरखास्त प्रणालीको तोकिएको स्थानमा pdf/jpg file मा अपलोड गर्नु पर्नेछ। सबै उम्मेदवारले आफ्नो नागरिकताको प्रमाणपत्रको अगाडि र पछाडिको भाग स्क्यान गरी jpg file मा अपलोड गर्नु पर्नेछ। दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयं जवाफदेही हुनुपर्नेछ।

**उम्मेदवारको उमेरको हदः-** २०८३।०७।१६ गतेसम्म १८ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको, **महिला र अपाङ्गता भएका उम्मेदवारका हकमा** ४० वर्ष ननाघेको, **स्वास्थ्य सेवाको हकमा** ४५ वर्ष ननाघेको तर सङ्घीय निजामती सेवा, जुनसुकै प्रदेशको प्रदेश निजामती सेवा र स्थानीय सेवाका बहालवाला स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन।

**परीक्षा कार्यक्रमः** **प्रारम्भिक परीक्षा हुने पद बाहेकका खुला, अन्तर तह र आन्तरिक अन्तर समूह प्रतियोगितात्मक** परीक्षाको मिति र समय आयोगको वेबसाइटमा पछि प्रकाशित गरिनेछ।

**पदमा रही गर्नुपर्ने कामको विवरणः-** सेवा, समूह र उपसमूहसँग सम्बन्धित।

**तलब, सेवा शर्त तथा सुविधाः-** प्रचलित कानून बमोजिम।

## आवश्यक न्यूनतम योग्यताः

क. **आन्तरिक अन्तर समूहको लागिः**
कर्णाली प्रदेश भित्रका जुनसुकै स्थानीय तहको स्थानीय सेवाको एक तहमुनिको पदमा पाँच वर्ष सेवा अवधि पूरा गरेको र न्यूनतम शैक्षिक योग्यता हासिल गरेको।

ख. **अन्तर तहको लागिः**
सङ्घीय वा जुनसुकै प्रदेशको निजामती सेवा वा जुनसुकै स्थानीय तहको स्थानीय सेवाको एक श्रेणी वा तह मुनिको पदमा पाँच वर्ष सेवा अवधि पूरा गरेको र न्यूनतम शैक्षिक योग्यता हासिल गरेको।

ग. **खुलाको लागिः**
स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा २० बमोजिम योग्य भएको र दफा ९ को उपदफा (११) बमोजिम अयोग्य नभएको हुनुपर्नेछ।

## खुला, अन्तर तह र आन्तरिक अन्तर समूहका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यताः

१. **वरिष्ठ प्रशासन सहायक/स्थानीय प्रशासन/सामान्य प्रशासनः** मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाणपत्र तह वा माध्यमिक शिक्षा परीक्षा उत्तीर्ण (स्कुल लिभिङ सर्टिफिकेट एक्जामिनेशन) वा सो सरह उत्तीर्ण।

२. **आन्तरिक लेखा परीक्षण सहायक/स्थानीय प्रशासन/आन्तरिक लेखापरीक्षणः** मान्यता प्राप्त शिक्षण संस्थाबाट लेखा वा वित्त विषय सहित कक्षा १२ (१०+२) वा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण।

३. **प्राविधिक सहायक/स्थानीय कृषि/कृषिः** मान्यताप्राप्त शिक्षण संस्थाबाट आई.एस्सी. एग्री (कृषि विज्ञान) उत्तीर्ण वा एस.एल.सी./टी.एस.एल.सी उत्तीर्ण गरी न्यूनतम तीन वर्ष अवधिको कृषि

विषयको डिप्लोमा (Major in Plant Science) उत्तीर्ण वा जे.टी.ए.(कृषि विज्ञान) कोर्ष अध्ययन गरी १ वर्षे जे.टी. (कृषि विज्ञान) कोर्ष उत्तीर्ण।

४. **पशु स्वास्थ्य प्राविधिक/पशु सेवा प्राविधिक/स्थानीय कृषि/भेटेरिनरी/ला.पो.डे.डे.:** मान्यताप्राप्त शिक्षण संस्थाबाट आई. एस्सी. एग्री (पशु विज्ञान) उत्तीर्ण वा एस.एल.सी./टी.एस.एल.सी उत्तीर्ण गरी न्यूनतम तीन वर्ष अवधिको कृषि विषयको डिप्लोमा (Major in animal science) उत्तीर्ण वा जे.टी.ए. (पशु विज्ञान) कोर्ष अध्ययन गरी १ वर्षे जे.टी. (पशु विज्ञान) कोर्ष उत्तीर्ण।

५. **प्राविधिक सहायक/स्थानीय शिक्षा/शिक्षा प्रशासनः** मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षाशास्त्रमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण।

६. **पब्लिक हेल्थ नर्स/स्थानीय स्वास्थ्य/कम्युनिटी नर्सिङ्गः** मान्यता प्राप्त शिक्षण संस्थाबाट प.हे.न. वा नर्सिङ्ग विषयमा प्रमाणपत्र तह उत्तीर्ण।

७. **हेल्थ असिस्टेन्ट/स्थानीय स्वास्थ्य/हेल्थ इन्स्पेक्सनः** मान्यता प्राप्त शिक्षण संस्थाबाट सामान्य चिकित्सामा प्रमाणपत्र तह उत्तीर्ण।

## समावेशी समूहका विज्ञापनमा दरखास्त दिने उम्मेदवारका लागि विशेष निर्देशन

समावेशी समूहतर्फका पदहरूमा दरखास्त दिन चाहने उम्मेदवारले दरखास्त दिने समयमा देहायअनुसारका कागजातहरू तयार गरी दरखास्त दिनु पर्नेछ।

१. **खस आर्यको हकमाः** राष्ट्रिय समावेशी आयोगबाट खस आर्यमा सूचीकृत भएको जाति वा समुदायको सूची वा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट खस आर्य जातिभित्रको थर हो भनी प्रमाणित गरेको कागजात,

२. **दलितको हकमाः** राष्ट्रिय दलित आयोगबाट दलित वर्गमा सूचीकृत भएको जाति वा समुदायको सूची वा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट दलित जातिभित्रको थर हो भनी प्रमाणित गरेको कागजात,

३. **आदिवासी जनजातिको हकमाः** नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ मा सूचीकृत भएको जाति वा समुदायको सूची वा सम्बन्धित स्थानीय तहको सिफारिसमा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीबाट आदिवासी जनजातिभित्रको थर हो भनी प्रमाणित गरेको कागजात,

४. **पिछडिएको क्षेत्रको हकमाः** स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८१ को नियम १० को उपनियम (१) बमोजिमका स्थानीय तहमा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नेपाली नागरिकताको प्रमाणपत्र र सम्बन्धित स्थानीय तहबाट हाल सोही स्थानमा बसोबास गरेको भन्ने बेहोरा खुलेको प्रमाणित कागजात,

५. **अपाङ्गता भएका व्यक्तिको हकमाः** अपाङ्गता भएको व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ४ को उपदफा (३) बमोजिम अपाङ्गताको वर्गीकरण उल्लेख गरी सम्बन्धित स्थानीय तहबाट जारी भएको अपाङ्गता परिचयपत्र।

**द्रष्टव्य**

क. सङ्घीय निजामती सेवा वा जुनसुकै प्रदेशको प्रदेश निजामती सेवा वा स्थानीय सेवाको समान तहको पदमा कार्यरत रहेको कर्मचारीले दरखास्त दिन पाउने छैनन्। तर स्थानीय स्वास्थ्य सेवाको समान तहको पदमा तोकिएबमोजिमको योग्यता पुगेको कर्मचारीले प्रतिस्पर्धा गर्न बाधा पुग्ने छैन।

ख. विज्ञापन प्रकाशन भएको मितिले कम्तीमा २१ दिन (सिङ्गल दस्तुरको अवधि) भित्र जारी हुने शैक्षिक योग्यता, तालिम, व्यावसायिक परिषद् दर्ता, सम्वद्धता र समकक्षतालाई मान्यता दिइनेछ। दोब्बर

दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, तालिम, व्यावसायिक परिषद् दर्ता, सम्वद्धता, समकक्षता र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन।

ग. आयोगद्वारा तोकिएको न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको दरखास्त स्वीकृत गरिने छैन।

घ. लिखित परीक्षाको हकमा सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनु भन्दा कम्तीमा ५ (पाँच) दिन अगावै आयोगमा लिखित निवेदन दिनु पर्नेछ अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग बाध्य हुनेछैन।

ङ. लिखित परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसी मात्र प्रयोग गर्नु पर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

च. एउटै व्यक्तिले सेवा अवधिभरमा अधिकृतस्तर वा सहायकस्तरको पदमा समावेशीको सुविधा एक पटक मात्र लिन पाउने छ।

छ. स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा २० को उपदफा (५) बमोजिम स्थानीय तहको स्वीकृत स्थायी दरबन्दीमध्ये पदपूर्ति गर्नुपर्ने रिक्त दरबन्दीमा यो ऐन प्रारम्भ हुँदाका बखत अविच्छिन्न रूपमा कार्यरत रहेका र न्यूनतम शैक्षिक योग्यता हासिल गरेका कर्मचारीलाई खुला प्रतियोगितात्मक परीक्षा, आन्तरिक अन्तरसेवा प्रतियोगितात्मक परीक्षा वा आन्तरिक अन्तर समूह प्रतियोगितात्मक परीक्षामा सहभागी हुन उमेरको हद लाग्ने छैन।

ज. एउटै व्यक्तिले एकभन्दा बढी समूहबाट प्रतिस्पर्धा गर्न पाउने अवस्था रहेछ भने स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा १० को उपदफा (६) बमोजिम निजले त्यस्ता समूहमध्येबाट रोजेको कुनै एउटा समूहबाट मात्र प्रतिस्पर्धा गर्न पाउने छ।

झ. दरखास्त पेस गर्ने तरिका सम्बन्धी जानकारीको लागि वेबसाइटमा राखिएको User Manual हेर्न सकिनेछ।

ञ. पाठ्यक्रममा उल्लिखित परीक्षा योजनाको विषयमा उम्मेदवार स्वयम् जानकार हुनुपर्ने छ।

ट. पाठ्यक्रम आयोगको वेबसाइट https://ppsc.karnali.gov.np/category/the-fifth-layer/ बाट प्राप्त गर्न सकिनेछ।

ठ. सूचनामा उल्लिखित विषय बाहेक अन्य विषयहरू स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ र नियमावली तथा प्रदेश लोक सेवा आयोग ऐन, २०७५ र नियमावली बमोजिम हुनेछ।

**थप जानकारीका लागि**

**सम्पर्क नं. ०८३-५९०३०६**

**Website: https://ppsc.karnali.gov.np/ Email: ppsckarnali@gmail.com/info.ppsc@karnali.gov.np**

## स्थानीय सेवाका पाँचौं तहका (अप्राविधिक/प्राविधिक) पदहरूको खुला, अन्तर तह र आन्तरिक अन्तर समूह प्रतियोगितात्मक परीक्षाको विज्ञापन विस्तृत विज्ञापन

क. अप्राविधिक पदहरुः

| क्र.स. | विज्ञापन नं. | सेवा, समूह, उपसमूह | पद | परीक्षाको किसिम | जम्मा पद संख्या | रिक्त स्थानीय तह | माग पदसंख्या |
|---|---|---|---|---|---|---|---|
| १. | ३०३।२०८३-८४ | स्थानीय प्रशासन, सामान्य प्रशासन | वरिष्ठ प्रशासन सहायक | खुला | १४ | कुशे गाउँपालिका, जाजरकोट | १ |
| | | | | | | सान्नीत्रिवेणी गाउँपालिका, कालिकोट | १ |
| | | | | | | चंखेली गाउँपालिका, हुम्ला | २ |
| | | | | | | छार्का ताङसोङ गाउँपालिका, डोल्पा | १ |
| | | | | | | सोरु गाउँपालिका, मुगु | २ |
| | | | | | | महावै गाउँपालिका, कालिकोट | १ |
| | | | | | | छायाँनाथ रारा नगरपालिका, मुगु | १ |
| | | | | | | खार्पुनाथ गाउँपालिका, हुम्ला | १ |
| | | | | | | शुभकालिका गाउँपालिका, कालिकोट | १ |
| | | | | | | रास्कोट नगरपालिका, कालिकोट | २ |
| | | | | | | पलाँता गाउँपालिका, कालिकोट | १ |
| | | स्थानीय प्रशासन, आन्तरिक लेखा परीक्षण | आन्तरिक लेखा परीक्षण सहायक | | ४ | सान्नीत्रिवेणी गाउँपालिका, कालिकोट | १ |
| | | | | | | सोरु गाउँपालिका, मुगु | १ |
| | | | | | | खार्पुनाथ गाउँपालिका, हुम्ला | १ |
| | | | | | | त्रिपुरासुन्दरी नगरपालिका, डोल्पा | १ |
| २. | ३०४।२०८३-८४ | स्थानीय प्रशासन, सामान्य प्रशासन | वरिष्ठ प्रशासन सहायक | खस आर्य | ३ | बागचौर नगरपालिका, सल्यान | १ |
| | | | | | | सोरु गाउँपालिका, मुगु | १ |
| | | | | | | छायाँनाथ रारा नगरपालिका, मुगु | १ |
| | | स्थानीय प्रशासन, आन्तरिक लेखा परीक्षण | आन्तरिक लेखा परीक्षण सहायक | | १ | छार्का ताङसोङ गाउँपालिका, डोल्पा | १ |
| ३. | ३०५।२०८३-८४ | स्थानीय प्रशासन, सामान्य | वरिष्ठ प्रशासन सहायक | खस आर्य महिला | २ | छार्का ताङसोङ गाउँपालिका, डोल्पा | १ |

| क्र. स. | विज्ञापन नं. | सेवा, समूह, उपसमूह | पद | परीक्षाको किसिम | जम्मा पद संख्या | रिक्त स्थानीय तह | माग पदसंख्या |
|---|---|---|---|---|---|---|---|
| | | प्रशासन | | | | रास्कोट नगरपालिका, कालिकोट | १ |
| ४. | ३०६।२०८३-८४ | स्थानीय प्रशासन, सामान्य प्रशासन | वरिष्ठ प्रशासन सहायक | दलित | २ | चंखेली गाउँपालिका, हुम्ला | १ |
| | | | | | | पलाँता गाउँपालिका, कालिकोट | १ |
| | | स्थानीय प्रशासन, आन्तरिक लेखा परीक्षण | आन्तरिक लेखा परीक्षण सहायक | | १ | कुमाख गाउँपालिका, सल्यान | १ |
| ५. | ३०७।२०८३-८४ | स्थानीय प्रशासन, सामान्य प्रशासन | वरिष्ठ प्रशासन सहायक | दलित महिला | १ | महावै गाउँपालिका, कालिकोट | १ |
| ६. | ३०८।२०८३-८४ | स्थानीय प्रशासन, सामान्य प्रशासन | वरिष्ठ प्रशासन सहायक | आदिवासी जनजाति | १ | चंखेली गाउँपालिका, हुम्ला | १ |
| | | स्थानीय प्रशासन, आन्तरिक लेखा परीक्षण | आन्तरिक लेखा परीक्षण सहायक | | १ | शे-फोक्सुण्डो गाउँपालिका, डोल्पा | १ |
| ७. | ३०९।२०८३-८४ | स्थानीय प्रशासन, सामान्य प्रशासन | वरिष्ठ प्रशासन सहायक | पिछडिएको क्षेत्र | १ | सोरु गाउँपालिका, मुगु | १ |
| ८. | ३१०।२०८३-८४ | स्थानीय प्रशासन, सामान्य प्रशासन | वरिष्ठ प्रशासन सहायक | अपाङ्गता भएका व्यक्ति | १ | शुभकालिका गाउँपालिका, कालिकोट | १ |

**ख. प्राविधिक पदहरु:**

| क्र.स. | विज्ञापन नं. | सेवा, समूह, उपसमूह | पद | परीक्षाको किसिम | जम्मा पदसंख्या | रिक्त स्थानीय तह | पद संख्या |
|---|---|---|---|---|---|---|---|
| १. | ५१७।२०८३-८४ | स्थानीय कृषि, कृषि | प्राविधिक सहायक | खुला प्रतियोगिता | १ | छायाँनाथ रारा नगरपालिका, मुगु | १ |
| २. | ५१८।२०८३-८४ | | | खस आर्य | १ | त्रिपुरासुन्दरी नगरपालिका, डोल्पा | १ |
| ३. | ५१९।२०८३-८४ | स्थानीय कृषि, भेटेरिनरी | पशु स्वास्थ्य प्राविधिक | खुला प्रतियोगिता | २ | चंखेली गाउँपालिका, हुम्ला | १ |
| | | | | | | शे-फोक्सुण्डो गाउँपालिका, डोल्पा | १ |
| | | स्थानीय कृषि, ला.पो.डे.डे. | पशु सेवा प्राविधिक | | १ | खार्पुनाथ गाउँपालिका, हुम्ला | १ |
| ४. | ५२०।२०८३-८४ | स्थानीय कृषि, भेटेरिनरी | पशु स्वास्थ्य प्राविधिक | खस आर्य | १ | खार्पुनाथ गाउँपालिका, हुम्ला | १ |
| ५. | ५२१।२०८३-८४ | स्थानीय शिक्षा, शिक्षा प्रशासन | प्राविधिक सहायक | खुला प्रतियोगिता | ५ | बागचौर नगरपालिका, सल्यान | १ |
| | | | | | | सोरु गाउँपालिका, मुगु | १ |
| | | | | | | छायाँनाथ रारा नगरपालिका, मुगु | १ |
| | | | | | | त्रिपुरासुन्दरी नगरपालिका, डोल्पा | १ |

| क्र.स. | विज्ञापन नं. | सेवा, समूह, उपसमूह | पद | परीक्षाको किसिम | जम्मा पदसंख्या | रिक्त स्थानीय तह | पद संख्या |
|---|---|---|---|---|---|---|---|
| | | | | | | पलाँता गाउँपालिका, कालिकोट | १ |
| ६. | ५२२।२०८३-८४ | स्थानीय शिक्षा, शिक्षा प्रशासन | प्राविधिक सहायक | खस आर्य | १ | चंखेली गाउँपालिका, हुम्ला | १ |
| ७. | ५२३।२०८३-८४ | | | खस आर्य महिला | १ | रास्कोट नगरपालिका, कालिकोट | १ |
| ८. | ५२४।२०८३-८४ | | | दलित | १ | ताँजाकोट गाउँपालिका, हुम्ला | १ |
| ९. | ५२५।२०८३-८४ | | | आदिवासी जनजाति | १ | खार्पुनाथ गाउँपालिका, हुम्ला | १ |
| १०. | ५२६।२०८३-८४ | स्थानीय स्वास्थ्य, कम्युनिटी नर्सिङ्ग | पब्लिक हेल्थ नर्स | अन्तर तह प्रतियोगिता | १ | त्रिपुरासुन्दरी नगरपालिका, डोल्पा | १ |
| ११. | ५२७।२०८३-८४ | | | खुला प्रतियोगिता | २ | पञ्चपुरी नगरपालिका, सुर्खेत | १ |
| | | | | | | पचालझरना गाउँपालिका, कालिकोट | १ |
| १२. | ५२८।२०८३-८४ | | | खस आर्य | १ | कुमाख गाउँपालिका, सल्यान | १ |
| १३. | ५२९।२०८३-८४ | | | दलित | १ | पलाँता गाउँपालिका, कालिकोट | १ |
| १४. | ५३०।२०८३-८४ | स्थानीय स्वास्थ्य, हेल्थ इन्स्पेक्सन | हेल्थ असिस्टेन्ट | अन्तर तह प्रतियोगिता | २ | सोरु गाउँपालिका, मुगु | १ |
| | | | | | | मुगुम कार्मारोङ गाउँपालिका, मुगु | १ |
| १५. | ५३१।२०८३-८४ | | | आन्तरिक अन्तर समूह प्रतियोगिता | १ | सोरु गाउँपालिका, मुगु | १ |
| १६. | ५३२।२०८३-८४ | | | खुला प्रतियोगिता | ५ | चंखेली गाउँपालिका, हुम्ला | १ |
| | | | | | | सोरु गाउँपालिका, मुगु | १ |
| | | | | | | महावै गाउँपालिका, कालिकोट | १ |
| | | | | | | त्रिपुरासुन्दरी नगरपालिका, डोल्पा | १ |
| | | | | | | मुगुम कार्मारोङ गाउँपालिका, मुगु | १ |
| १७. | ५३३।२०८३-८४ | | | खस आर्य | १ | चंखेली गाउँपालिका, हुम्ला | १ |
| १८. | ५३४।२०८३-८४ | | | खस आर्य महिला | १ | मुगुम कार्मारोङ गाउँपालिका, मुगु | १ |
| १९. | ५३५।२०८३-८४ | | | दलित | १ | सोरु गाउँपालिका, मुगु | १ |
| २०. | ५३६।२०८३-८४ | | | आदिवासी जनजाति | १ | खार्पुनाथ गाउँपालिका, हुम्ला | १ |